बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# पशु सेवा कार्यालय

(कार्यक्षेत्रः सिन्धुली र रामेछाप)

सिन्धुली, नेपाल

आ.व.:२०८२/८३

सूचना नं.:

## प्रस्ताव आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०८/१४**

पशु सेवा कार्यालय, सिन्धुलीको आर्थिक वर्ष २०८२/०८३ मा तपसिलमा उल्लेखित स्वीकृत वार्षिक कार्यक्रमहरु संचालनका लागि यस कार्यालयको कार्यक्षेत्र सिन्धुली र रामेछाप जिल्ला अन्तर्गतका ईच्छुक पशुपालक तथा मत्स्यपालक कृषक समूह/सहकारी/निजी उद्यमीले यो सूचना प्रकाशित मितिले २१ (एक्काइस) दिन (मितिः २०८२/०९/०६) भित्र निम्न कागजातहरु संलग्न राखी पशु सेवा कार्यालय, सिन्धुली वा यस कार्यालय अन्तर्गतको पशु सेवा केन्द्र, मन्थली, रामेछापमा आवेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगी दर्ता भएका प्रस्ताव छनौट प्रक्रियामा समावेश गरिने छैन।

तपसिल,

| कार्यक्रम नं. | कार्यक्रमको नाम | परिमाण | कार्यालयको प्रति एकाई अधिकतम प्रोत्साहन रकम रु. | आवेदक | न्यूनतम मापदण्ड/शर्तहरु |
|---|---|---|---|---|---|
| १. | बाखा प्रवर्द्धन कार्यक्रम | ३ | ३ लाख ५० हजार | बाखापालक निजी फार्म/ समूह/सहकारी | • निजिको हकमा कम्तिमा बीस (२०) वटा माउ बाखा हुनुपर्नेछ।<br>• समुह/सहकारीको हकमा न्यूनतम दश (१०) बाखापालक सदस्य भई प्रति सदस्य न्यूनतम तीन (३) वटा माउ बाखा पालेको हुनु पर्नेछ। |
| २. | बंगुर प्रवर्द्धन कार्यक्रम | २ | १ लाख ७५ हजार | बंगुरपालक निजी फार्म/ समूह/सहकारी | • निजिको हकमा कम्तिमा दश (१०) वटा माउ बंगुर हुनुपर्नेछ।<br>• समुह/सहकारीको हकमा न्यूनतम दश (१०) बंगुरपालक सदस्य भई प्रति सदस्य न्यूनतम दुई (२) वटा माउ बंगुर पालेको हुनु पर्नेछ। |
| ३. | पशुपालनमा असल अभ्यास प्रवर्द्धन कार्यक्रम | १५ | ७० हजार | दुग्ध उत्पादक सहकारी संस्था वा निजि फार्म | • सहकारी संस्था सूचना प्रकाशनको मितिमा स्थापना भएको न्यूनतम एक (१) वर्ष पुरा भई दैनिक न्यूनतम एक सय (१००) लिटर दूध संकलन गरेको हुनु पर्ने। |

८/१४

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# पशु सेवा कार्यालय

(कार्यक्षेत्रः सिन्धुली र रामेछाप)

सिन्धुली, नेपाल

आ.व.:२०८२/८३

सूचना नं.:

| कार्यक्रम नं. | कार्यक्रमको नाम | परिमाण | कार्यालयको प्रति एकाई अधिकतम प्रोत्साहन रकम रु. | आवेदक | न्यूनतम मापदण्ड/शर्तहरु |
|---|---|---|---|---|---|
| | | | | | • आवेदक संस्थामा आवद्ध कृषक (निजि फार्मको हकमा समेत) ले दैनिक कम्तिमा आठ (८) लिटर दूध बिक्रि गरेको हुनु पर्ने। |
| ४. | पशुपन्छी तथा मत्स्य उद्यमशीलता विकास कार्यक्रम | ६ | १ लाख ४० हजार | निजी पशुपन्छी तथा मत्स्य फार्म/कम्पनी/उद्यमी | |
| ५. | मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रम | १५ | ७० हजार | *लक्षित वर्गका पशुपन्छी तथा मत्स्यपालक कृषक | • आर्थिक रुपले कमजोर आदिबासी जनजाति, महिला, दलित, पिछडिएको वर्ग, अल्पसंख्यक जनजाति, अपाङ्गता भएका व्यक्ति, विपन्न खस आर्य, एकल महिला, सहिद परिवार, जेष्ठ नागरिक तथा अन्य पिछडिएको समुदाय वा भूगोल |
| ६. | माछा/मासुपसल सुधार कार्यक्रम | १५ | ७० हजार | माछा/मासु व्यवसायी | • दैनिक ५० के.जी. माछा/मासु बिक्रि गरिरहेको हुन पर्नेछ |
| ७. | रेन्बो ट्राउट माछा प्रवर्द्धन कार्यक्रम | २ | ७ लाख | रेन्बो ट्राउट पालक निजी फार्म | • आफ्नै स्वामित्वमा जग्गा भएकोलाई प्राथमिकता दिईने छ।सो नभएमा न्यूनतम १० वर्ष भाडामा लिएको करार पत्र पेश गर्नु पर्ने।<br>• स्थायी सफा अनि वर्ष भरि उपलब्ध हुने भरपर्दो पानीको श्रोत हुनु। |
| ८. | करेसा पोखरीमा माछापालन कार्यक्रम | - | ५० हजार | कृषक समूह/निजि फार्म | • आफ्नै स्वामित्वमा जग्गा भएकोलाई प्राथमिकता दिईने छ।सो नभएमा न्यूनतम ५ वर्ष भाडामा लिएको करार पत्र पेश गर्नु पर्ने<br>• स्थायी सफा र वर्ष भरि उपलब्ध हुने भरपर्दो पानीको श्रोत हुनु पर्नेछ। |

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
# पशु सेवा कार्यालय
(कार्यक्षेत्रः सिन्धुली र रामेछाप)
सिन्धुली, नेपाल

आ.व.:२०८२/८३

सूचना नं.:

**आवेदन साथ संग्लग्न गर्नुपर्ने कागजातहरु**

१. एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ को अनुसूची-२ बमोजिम रु. दश (१०) को हुलाक टिकट टाँस गरेको आवेदन, अनुसूची-४ बमोजिमको कार्ययोजना, अनुसूची-५ बमोजिमको प्रतिबद्धता पत्र, अनूसुची -६ बमोजिमको कार्यस्थान खुल्ने नक्सा र अनुसूची-२५ बमोजिमको स्वघोषणा पत्र।

२. सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि।

३. कृषक समूह/सहकारी/निजि उद्यमी दर्ता र स्थायी लेखा नम्बर (PAN/VAT) दर्ता प्रमाण पत्रको प्रतिलिपि।

४. आ.व. २०८१/८२ को लेखा परिक्षण प्रतिवेदन (आवश्यक पर्नेको हकमा मात्र) र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि वा अन्य कुनै प्रमाणित कागज।

५. कार्यक्रममा सहभागी गराई दिने सम्बन्धी सम्बन्धित स्थानीय तहको सिफारिस।

६. जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए सूचनाको अन्तिम मितिले न्यूनतम पाँच (५) वर्ष र कार्यक्रम नं. ७ रेन्बो ट्राउट माछा प्रवर्द्धन कार्यक्रमको हकमा नभएमा न्यूनतम १० वर्षको करार सम्झौता पत्र।

७. बैदेशिक रोजगारी/अध्ययनबाट फर्केको भए राहदानी/भिसा वा अन्य प्रमाण खुल्ने कागजातको प्रतिलिपि।

८. सम्बन्धित क्षेत्रको तालिम लिएको भए प्रमाण-पत्रको प्रतिलिपि।

९. पशुको बिमालेख प्रतिलिपि।

**कृषक समूह/सहकारीको हकमा मात्र लागु हुने थप विषयः**

- कार्यक्रममा सहभागी हुने विषय तथा कार्यक्रममा सहभागी हुने कृषकहरु छनौट सम्बन्धि कृषक समूह/सहकारीको बैठक निर्णयको प्रतिलिपि।
- कृषक छनौट गरी कृषकको नाम र ठेगाना खुलाइएको पत्र।
- कृषक समूह/सहकारीको हकमा आ.व. २०८१/८२ को साधारण सभाको बैठक निर्णय प्रतिलिपि।
- आवेदन प्रक्रियाका लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई दिइएको अख्तियारी पत्र।

**कार्यक्रम नं. ५ : पशुपालनमा असल अभ्यास प्रवर्द्धन कार्यक्रमको हकमा थप**

- अनुसूची-१५ बमोजिमको विवरण।

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# पशु सेवा कार्यालय

(कार्यक्षेत्रः सिन्धुली र रामेछाप)

सिन्धुली, नेपाल

आ.व.:२०८२/८३

सूचना नं.:

**मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रमको हकमा**

१) एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ को अनुसूची-२ बमोजिम रु. दश (१०) को हुलाक टिकट टाँस गरेको आवेदन, अनुसूची-४ बमोजिमको कार्ययोजना, अनुसूची-५ बमोजिमको प्रतिबद्धता पत्र, अनूसुची -६ बमोजिमको कार्यस्थान खुल्ने नक्सा।

२) सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि।

३) व्यक्तिगत स्थायी लेखा नम्बर (PAN)को प्रतिलिपि।

४) स्थानीय तहले आवेदक आर्थिक विपन्नताको भएको र कार्यक्रममा सहभागी गराइदिने सम्बन्धि सिफारिस पत्र

**लक्षित वर्ग भन्नाले आर्थिक रुपले कमजोर आदिबासी जनजाति, महिला, दलित, पिछडिएको वर्ग, अल्पसंख्यक जनजाति, अपाङ्गता भएका व्यक्ति, विपन्न खस आर्य, एकल महिला, सहिद परिवार, जेष्ठ नागरिक तथा अन्य पिछडिएको समुदाय वा भूगोल समेतलाई जनाउँछ*

**कार्यालयबाट प्रदान गरिने अधिकतम प्रोत्साहन रकम**

| क.स. | क्रियाकलापहरुको विवरण | प्रोत्साहन रकमको अधिकतम सिमा |
|---|---|---|
| १. | पशुपन्छी तथा मत्स्यजन्य उत्पादन सामाग्री खरिद | बढीमा ५० प्रतिशत |
| २. | प्रजनन् प्रयोजनका लागि भाले पशु खरिद | समूह सहकारीको सामूहिक स्वामित्वको लागि बढीमा ८० प्रतिशत र निजी उद्यमीको हकमा बढीमा ५० प्रतिशत |
| ३. | औजार, यन्त्र उपकरण र मेशिन खरिद | बढीमा ५० प्रतिशत |
| ४. | भौतिक पूर्वाधार निर्माण/सुधार | बढीमा ८० प्रतिशत |
| ५. | प्रविधि सहितको पूर्वाधार निर्माण | बढीमा ८० प्रतिशत |
| ६. | सिप विकास तालिम संचालन | बढीमा १०० प्रतिशत |

पुनश्चः

* एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ यस पशु सेवा कार्यालय, सिन्धुलीको वेवसाइट https://vetsindhuli.bagamati.gov.np/ बाट डाउनलोड गरी हेर्न सकिनेछ।

.................. १४
(कार्यालय प्रमुख)
डा. ध्रुब डि.सी.
वरिष्ठ पशु विकास अधिकृत
(नवौं तह)